**आ.व. २०८२।०८३ मिति: २०८२।१०।८ गते, समय: ११:०० वजे दिनको, बैठक संख्या: १३**

**कार्यपालिकाको वैठकका निर्णयहरु**

**प्रस्ताव नं. १**: अघिलो बैठकका निर्णयहरुको समिक्षा ।

**निर्णय:** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो। कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने ।

**प्रस्ताव नं. २**: प्रतिनिधि सभा निर्वाचन २०८२ को निर्वाचन आचारसंहिता २०८२ सम्बन्धमा।

**निर्णय:** आगामि २०८२ फाल्गुण २१ गते हुने प्रतिनिधि सभा निर्वाचनको लागि निर्वाचन आचारसंहिता २०८२ पुर्णरुपमा परिपालना गर्ने गराउने ।

**प्रस्ताव नं. ३**: सडक बोर्ड नेपालको कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

**निर्णय:** सडक बोर्ड नेपालको चालु आव २०८२।०८३ को स्विकृत कार्यक्रम अनुरुपको बजेट फोहरमैला व्यवस्थापन कार्यमा सहयोग पुग्ने गरि सम्बन्धित क्षेत्र वडा नं ६ को भजनेउटा छचौडा सडकलाई स्तरबृद्धि गर्ने ।

**प्रस्ताव नं. ४**: फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।

**निर्णय:** यस नगरपालिकाको व्यवस्थित ल्याण्डफिल्ड साइड निर्माण कार्यलाई अगाडी बढाउन वडा नं ६ का स्थानीयहरुसंग व्यापक छलफल र समन्वय गर्ने र आवस्यक पुर्वाधार निर्माण कार्य अगाडी बढाई व्यवस्थित ल्याण्डफिल्ड साइड निर्माण भएका स्थानहरुको भ्रमण गराउने र सोका लागि लाग्ने रकम फोहरमैला शिर्षकबाट खर्च लेख्ने ।

२०८२।१०।८